कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोवार गर्ने

# पोखरा फाइनान्स लिमिटेड
# POKHARA FINANCE LIMITED

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था

Since 2053 B.S.

प्रधान कार्यालयः पोखरा उ.म.न.पा.९, न्यूरोड, कास्की ।
फोन नं : ०६१–५३११४५, फ्याक्स नं : ०६१–५३१६१०
Email:info@pokharafinance.com.np, Website:www.pokharafinance.com.np

को

## "विवरणपत्र"

थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) सम्बन्धी विवरण–पत्र
(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

रु.९,८३,६८,२००/–रकम बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ९,८३,६८२ कित्ता साधारण शेयरमा अंकित मूल्य रु.१००/–मा प्रिमियम बापत रु.१२०/–थप गरी प्रति शेयर रु.२२०/– का दरले सर्वसाधारणहरुमा थप सार्वजिनक निष्काशन (फर्दर पब्लिक इस्यू) ।

दरखास्तसाथ प्रति शेयर रु.२२०/–को दरले (प्रिमियम रु.१२०/–सहित शत् प्रतिशत) भुक्तानी माग गरिएको ।

### लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचीकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

### नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले विवरणपत्र स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्वद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमताको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

यस विवरणपत्र अनुसार सर्वसाधारणहरुमा निष्काशन गरिने साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौंबाट क्रेडिट रेटिङ्ग गराई **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** प्रमाणपत्र प्राप्त गरेको छ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । **"ईक्रा एनपि आईपिओ ग्रेड ४"** ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ ।

यस विवरणपत्र मार्फत जारी गरिने थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मा यस वित्तीय संस्थाका संस्थापक शेयर धारण गरेका संस्थापक शेयरधनीहरुले आवेदन दिन पाउने छैनन् ।

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७४/३/१५
कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७४/३/२६

निष्काशन खुल्ला हुने मितिः २०७४/४/२९
निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७४/५/१
निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७४/५/११

## धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

ख.१.<u>विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :</u>

क) **"विवरणपत्र"** भन्नाले सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि तयार गरिएको प्रस्तुत पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ सम्झनु पर्दछ ।

ग) **"वित्तीय संस्था/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी पोखरा फाइनान्स लि., न्यूरोड, पोखरा, कास्की सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** भन्नाले नेपाल धितोपत्र बोर्डबाट धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३ बमोजिम धितोपत्रको दरखास्त संकलन अनुमती प्राप्त बैंक तथा वित्तिय संस्थाहरु तथा तिनका शाखा कार्यालयहरु भन्ने सम्झनु पर्दछ ।

ङ) **"निष्काशन वित्तीय संस्था"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको वित्तीय संस्थाहरु सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा ब्यबस्थापन"** भन्नाले पोखरा फाइनान्स लि.का संस्थापक, संचालक, प्रमुख कार्यकारी अधिकृत तथा ब्यबस्थापन सम्झनु पर्दछ ।

ज) **"बोर्ड"** भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्दछ ।

ख.२.<u>विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :</u>

**विवरणपत्र पाइने स्थानहरुः**
१. एनआईविएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
२. पोखरा फाईनान्स लिमिटेड, पोखरा म.न.पा.-९, न्यूरोड, पोखरा, कास्की ।

साथै निष्कासन तथा बिक्री प्रबन्धकको वेभसाइट www.niblcapital.com, निष्कासनकर्ता वित्तीय संस्थाको वेभसाइट www.pokharafinance.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम पाइने र दरखास्त बुझाउेन स्थानहरु :**

नेपाल धितोपत्र बोर्डबाट धितोपत्रको दरखास्त संकलनको लागि अनुमति प्राप्त बैंक तथा वित्तीय संस्थाहरु (आस्वा सदस्य) लगायत तिनका सम्पूर्ण शाखा कार्यालयहरु ।

**ग.१.धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई पोखरा फाइनान्स लि. तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र**(Due Diligence Certificate)** प्रस्तुत गरेका छौं ।

**ग.२.संगठित संस्थाको उद्घोषण :**

**ग.२.क.संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुका सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं की तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छु/छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**ग.२.ख.संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस पोखरा फाइनान्स लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**ग.२.ग. नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/व्यवसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तै : कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदी) को थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) तथा अन्य नियमन व्यवस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै नयाँ निष्काशन (फर्दर पब्लिक इस्यू) प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं ।

**ग.२.घ. संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस वित्तीय संस्थाको संस्थापक, संचालक वा प्रमुख कार्यकारी अधिकृत कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।
२. यस वित्तीय संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत कालोसूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।
३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस वित्तीय संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र व्यवसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत यस वित्तीय संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत छैनन् ।
५. यस वित्तीय संस्थाको संचालक वा प्रमुख कार्यकारी अधिकृत धितोपत्र सम्बन्धी ऐनको दफा १०८ वमोजिम अयोग्य रहेका छैनन् ।

**ग.३.संगठित संस्था सम्बन्धी जानकारी :**

**ग.३.क.संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम** : पोखरा फाइनान्स लि. **(Pokhara Finance Ltd.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड (केन्द्रिय) कार्यालय कास्की जिल्ला, पोखरा उप–महानगरपालिका वडा नं.९, न्यूरोड, पोखरामा रहेकोछ ।

**(घ) कारोवार गर्ने मूख्य स्थान :** यस वित्तीय संस्थाको कारोवार गर्ने मूख्य स्थान कास्की जिल्ला, पोखरा उप–महानगरपालिका वडा नं.९, न्यूरोड, पोखरामा रहेकोछ । यसको अलावा वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकको स्वीकृति लिई काठमाण्डौंको सुन्धारा, तनहुँको डुम्रेबजार बन्दीपुर तथा पोखराको सभागृह चोक, भिमकालीपाटन बगर, नयाँपुल सल्यान र कुडहरमा शाखा कार्यालयहरु खोली आफ्नो वित्तीय कारोबार संचालन गरिरहेको छ । साथै वित्तीय संस्थाले भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली आफ्नो वित्तीय संस्थाले आफ्नो कारोबार विस्तार गर्न सक्नेछ ।

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मूख्य उद्देश्यहरु :**
पोखरा फाइनान्स लि., तत्कालिन कम्पनी ऐन, २०२१ अन्तर्गत २०५२ साल पौष २ गते उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, बाणिज्य विभागमा दर्ता भएको हो । यस वित्तीय संस्थाले तत्कालिन वित्त कम्पनी ऐन, २०४२ अन्तर्गत वित्तीय संस्थाको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०५३ साल फागुन २१ गते ईजाजत पत्र प्राप्त गरी आफ्नो सेवा संचालन गर्दै आइरहेको छ । यस वित्तीय संस्थाको संस्थापकहरु तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा ब्यबस्थापनमा लामो समय देखि आबद्ध रहेको ब्यक्तित्वहरु हुनु हुन्छ ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३, कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय कारोबार (वित्तीय ब्यबसाय) गर्ने यस वित्तीय संस्थाको मूख्य उद्देश्यहरु देहाय बमोजिम हुनेछ :

अ) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

आ) कृषि, उद्योग, सेवा, ब्यापार तथा अन्य ब्यबसायिक रुपले सम्भाब्य देखिएका उत्पादनशिल ब्यबसायको स्थापना, विकास, विस्तार र क्षमता एवं उत्पादकत्व वृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य श्रोतबाट जुटाई देशको औद्योगिक, ब्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,

इ) उपलब्ध शिप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवं रोजगारीमूलक ब्यबसायको स्थापना, संचालन, विकास, विस्तार एवं प्रबर्द्धन गर्ने कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा ब्यबस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने र

ई) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मूख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा)** : कनै सहायक कम्पनी नभएको ।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागू हुने हदसम्म)**

(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु : वित्तीय संस्थाले प्रदान गर्ने मूख्य सेवाहरुमा निक्षेप संकलन, कर्जा प्रवाह तथा नेपाल राष्ट्र बैंकले तोके बमोजिमका अन्य वित्तीय सेवाहरु रहेका छन । साथै वित्तीय संस्थाले लगानीको माध्यमबाट आफ्नो पूँजीको सही उपयोग गर्दै आएको छ ।

(२) प्रयोग भएको वा गरिने प्रविधि : वित्तीय संस्था सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड १ मा उल्लेखित सेवा प्रदान गर्न आवश्यक प्रविधि ।

(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार : नभएको ।

(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्रः वित्तीय बजार ।

(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजनाः समय सापेक्ष नयाँ उत्पादन तथा वित्तीय सेवाको विकास गरी सम्भाव्य ग्राहकहरुको पहिचान गरेर आफ्नो व्यापार विस्तार गर्ने योजना रहेको छ ।

(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका : वित्तीय संस्थाको प्रमुख बजार नेपाल राज्यभर रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ ।

(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति : वित्तीय क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका संचालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाकाल देखि नै बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकलाई राम्रो सुविधा प्रदान गर्न सफल रहेको देखिन्छ ।

(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : लागू नहुने ।

(९) गुण नियन्त्रणको लागि गरिएको व्यवस्था : लागू नहुने ।

(१०) अनुसन्धान तथा विकास : नेपालको वित्तीय क्षेत्र प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमीमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकताका साथ अघि बढाईरहेको छ ।

(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान : सो नभएको ।

(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरणः विगतमा मजदुर संगठन संग कुनै प्रकारको उल्लेख्य विवाद नरहेको ।

(१३) बजार प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति : अत्यधिक प्रतिस्पर्धि रहेको हालको वित्तीय बजारमा सफलता पूर्वक आफ्नो पहिचान स्थापित गरी गुणस्तरीय वित्तीय व्यवसाय संचालन गरीरहेको ।

(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने ततसम्बन्धी विवरण।) : नभएको ।

(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण : नभएको ।

**ग.३.ख.सम्पत्तिको विवरण :**

(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था : लागू नहुने ।

(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने) : लागू नहुने ।

(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण : लागू नहुने ।

(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको कितावी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण : यस वित्तीय संस्थाको सम्पत्ति पुनर्मूल्याङ्कन नगरिएको हुँदा कितावी मूल्य र बजार मूल्य बीच फरक नभएको ।

(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण : लागू नहुने ।

**ग.३.ग.भावी योजना तथा रणनीतिः**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीती :**

१) **नयाँ उत्पादन तथा सेवाहरु :** आफ्ना ग्राहकवर्गको आवश्यकता र अपेक्षालाई दृष्टिगत गरी तद्अनूरुप सेवा पुऱ्याउन र प्रतिस्प्रर्धी बीच आफनो छुट्टै पहिचान बनाउन वित्तीय संस्थाले विभिन्न नयां उत्पादन तथा सेवाहरु प्रचलनमा ल्याउने प्रकृया शुरु गरेको छ ।

२) **शाखा सँजालः** वित्तीय संस्थाको पहुंच नभएका ठाउँहरुमा आफनो उपस्थिति जनाउंदै जाने उद्देश्यले आवश्यकता अनुसार सँजाल बढाउंदै लैजाने वित्तीय संस्थाको कार्यक्रम छ ।

३) **डेबिट केडिट कार्ड :** बजारमा आफनो बलियो उपस्थितीलाई कायम राख्न आफनो कार्ड व्यवसायलाई व्यापकरुपमा विस्तार गर्दै जाने प्रयासमा वित्तीय संस्था लागेको छ । आफनो भुक्तानी संजालमा सदस्य संख्या बढाउदै लैजान वित्तीय संस्था प्रयत्नशील छ । यसबाट वित्तीय संस्थाको ग्राहक संख्या र आम्दानी वृद्धिमा सहयोग पुग्नेछ ।

४) **एटिएम संजालः** आफ्नो ग्राहकवर्गहरुलाई बढि सुविधा प्रदान गर्ने वित्तीय संस्थाको रणनितिअनुरुप थप एटिएम जडानगर्दै जाने योजना वित्तीय संस्थाको रहेको छ ।

५) **सुचना प्रविधिमा आधारित सेवाः** वित्तीय संस्थाले नविनतम प्रविधिको माध्यमबाट आफ्नो ग्राहकहरुलाई सूचना प्रविधिमा आधारित वित्तीय सेवाहरु प्रदान गर्ने ध्येय राखेको छ ।

६) **विप्रेषण :** विप्रेषण व्यवसायमा आफनो बजार अंश बढाउंदै लैजान वित्तीय संस्थाले आवश्यकता अनुसार विभिन्न विप्रेषण कम्पनीहरुसंग सहकार्य गरी वाह्य तथा आन्तरिक सेवा उपलब्ध गराउदै आइरहेको छ ।

७) **अन्य व्यवसायः** वित्तीय क्षेत्रमा बढदै गएको प्रतिस्पर्धाले गर्दा आफनो वित्तीय स्थितिलाई उपयुक्त स्थितिमा राख्न वित्तीय संस्थाहरुलाई लगानीका अरु क्षेत्र खोज्नुपर्ने हुन गएको छ । यस वित्तीय संस्थाले बीमा लगायत लघुवित्त व्यवसाय समेत शुरु गर्नेतर्फ आफ्नो कार्य अगाडी बढाइएको छ । यसबाट वित्तीय संस्थाको आम्दानी बृद्धिका साथै संकुचित हुंदै गएको मार्जिनमा समेत सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित संस्थाको भविष्य :**

हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ । विगत छोटो अवधिमानै धेरै बैंक तथा वित्तीय संस्थाहरु स्थापना भई संचालनमा आईसकेका छन् । यो परिस्थितिले गर्दा देशको वित्तीय वातावरण अरु बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ । अर्कोतर्फ देशले अपनाएको खुला आर्थिक नीतिले लगानीकर्ताहरुलाई विभिन्न क्षेत्रमा लगानी गर्ने अवसरहरु प्राप्त भएका छन् । यसै बिच विगत केही समय यता देखा परेको राष्ट्रिय तथा अन्तराष्ट्रिय परिस्थितिले देशको आर्थिक स्थितिको बारेमा केही चिन्तित हुनुपर्ने

स्थिति छ । यो अवस्थाले देशको वित्तीय व्यवसायलाई पनि केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको परिस्थितिलाई मूल्याङ्कन गर्दा त्यति चिन्तित भईहाल्नुपर्ने अवस्था देखिदैन । तसर्थ, देशको वित्तीय व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो अवधिमा नै ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलब्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी तुलनात्मक रुपमा उत्साहजनक उपलब्धि हासिल गरेको छ । त्यस कारण वित्तीय संस्थाको विद्यमान उपलब्धिहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा वित्तीय संस्थाको भविष्य सुढृढ हुने देखिन्छ ।

**ग.३.घ.संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यबस्था :

यस वित्तीय संस्थाको नियमावलीको नियम ८ मा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालकहरु रहेको एक संचालक समिति देहाय बमोजिम रहेको छ :

| | |
|---|---|
| संस्थापक समूहका शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक | ४ जना |
| सर्वसाधारण शेयरधनीहरु मध्येबाट निर्वाचित वा मनोनित संचालक | ३ जना |
| नेपाल राष्ट्र बैंकले कायम गरेको ब्यबसायिक बिशेषज्ञ संचालक | १ जना |
| **जम्मा** | **८ जना** |

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी ब्यबस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम १३ (२) मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि यस वित्तीय संस्थाको कम्तीमा १०० (एक सय) कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र व्यावसायिक बिशेषज्ञ संचालक तथा संगठित संस्थाको प्रतिनिधित्व गर्ने संचालकको हकमा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुनेछैन । हाल नेपाल राष्ट्र बैंकले तोकेको सञ्चालक नियुक्ती हुन बांकी रहेको ।

**ग.४.पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

**अधिकृत पूँजी** : यस वित्तीय संस्थाको अधिकृत पूँजी रु.९४,००,००,०००/–(अक्षरेपी चौरान्नब्बे करोड) रहेकोछ । जसलाई प्रति शेयर रु.१००/– दरले ९४,००,००० (चौरान्नब्बे लाख) कित्ता साधारण शेयरमा बिभाजन गरिएको छ ।

**जारी पूँजी** : यस वित्तीय संस्थाको जारी पूँजी रु.६५,५७,८८,४९२/–(अक्षरेपी पैंसाठी करोड सन्ताउन्न लाख अठासी हजार चार सय बयान्नब्बे) रहेकोछ ।

**चुक्ता पूँजी** : यस वित्तीय संस्थाको चुक्ता पूँजी रु. ५५,७४,२०,२९२/–(अक्षरुपी पच्पन्न करोड चवहत्तर लाख वीस हजार दुई सय वयानव्वे) रहेको छ । यस विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन (**फर्दर पव्लिक इस्यु**) गरी साधारण शेयरको बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी रु.६५,५७,८८,४९२/–(अक्षरेपी पैंसठ्ठी करोड सन्ताउन्न लाख अठासी हजार चार सय बयान्नब्बे) रहेकोछ ।

**वित्तीय संस्थाको स्थापना पश्चात् अधिकृत, जारी एवं चुक्ता पुँजीमा निम्न बमोजिम परिवतर्न भएको छ ।**

| आर्थिक बर्ष | अधिकृत पूँजी (रु.) | जारी पूँजी (रु.) | चुक्ता पूँजी (रु.) | कैफियत |
|---|---|---|---|---|
| ०५३/०५४ | २,००,००,०००/- | १,००,००,०००/- | ६०,००,०००/- | २०५२/११/२१ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०५५/०५६ | २,००,००,०००/- | १,६०,००,०००/- | १,६०,००,०००/- | २०५५/२/१९ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०५६/०५७ | ४,००,००,०००/- | २,००,००,०००/- | २,००,००,०००/- | २०५५/२/१९ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०६०/०६१ | ४,००,००,०००/- | २,००,००,०००/- | २,००,००,०००/- | २०५७/९/१७ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०६२/०६३ | २४,००,००,०००/- | ५,२०,००,०००/- | ५,२०,००,०००/- | २०६४/१/१४ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०६३/०६४ | २४,००,००,०००/- | ६,००,००,०००/- | ६,००,००,०००/- | २०६४/१/१४ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०६५/०६६ | ९४,००,००,०००/- | २४,००,००,०००/- | २४,००,००,०००/- | २०६५/३/११ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| ०६७/०६८ | ९४,००,००,०००/- | ३१,२०,००,०००/- | ३१,२०,००,०००/- | २०६७/२/२४ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |

| | | | | |
|---|---|---|---|---|
| **०६८/०६९** | ९४,००,००,०००/- | ३३,०७,२०,०००/- | ३३,०७,२०,०००/- | २०७१/११/१५ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| **०७१/०७२** | ९४,००,००,०००/- | ४९,११,१९,२००/- | ४९,११,१९,२००/- | २०७२/११/२३ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |
| **०७२/०७३** | ९४,००,००,०००/- | ५५,७४,२०,२९२/- | ५५,७४,२०,२९२/- | २०७३/९/८ को कम्पनी रजिष्ट्रारको कार्यालयको अभिलेख वमोजिम |

**ख) थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यु) गर्नु पूर्व संस्थाको चुक्ता पूँजीको संरचना (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यु) गर्नु पूर्व वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम रहेको छ :

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ३३,४४,५२१.७५२ | ६०% | ३३,४४,५२,१७५/२० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | २२,२९,६८१.१६८ | ४०% | २२,२९,६८,११६/८० | शतप्रतिशत |
| | **जम्मा** | **५५,७४,२९२.९२** | **१००%** | **५५,७४,२९,२९२/–** | |

**ग) थप सार्वजनिक निष्काशन (पर्दर पव्लिक इस्यु) पश्चात संस्थाको चुक्ता पूँजीको संरचना :**

थप सार्वजनिक निष्काशन (फर्दर पव्लिक इस्यु) गरी बाँडफाँड गरे पश्चात हुने चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछः

| समूह | शेयरधनी | शेयर कित्ता | पूंजी संरचना | चुक्ता रकम (रु.) | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| (क) | संस्थापक शेयरधनीहरु | ३३,४४,५२१.७५२ | ५१% | ३३,४४,५२,१७५/२० | शतप्रतिशत |
| (ख) | सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत) | ३२,१३,३६,३.१६८ | ४९% | ३२,१३,३६,३१६/८० | शतप्रतिशत |
| | **जम्मा** | **६५,५७,८८४.९२** | **१००%** | **६५,५७,८८,४९२/–** | |

**घ) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :**

रु.९,८३,६८,२००/–रकम बराबरको प्रति शेयर रु.१००/–अंकित दरका ९,८३,६८२ कित्ता साधारण शेयरमा अंकित मूल्य रु.१००/–मा प्रिमियम बापत रु.१२०/–थप गरी प्रति शेयर रु.२२०/–का दरले सर्वसाधारणहरुमा थप सार्वजिनक निष्काशन (फर्दर पव्लिक इस्यू) गरी बाँडफाँड गरे पश्चात वित्तीय संस्थाको शेयर प्रिमियम खातामा रु.११,८०,४१,८४०/– (अक्षरुपी एघार करोड असी लाख एक्चालिस हजार आठ सय चालिस मात्र) जम्मा हुनेछ ।

**ग.५.संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**ग.५.क. संस्थापक/संचालकको पृष्ठभूमीः**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव, र प्रस्तावित ब्यापार/ब्यवसायमा अनुभव :**

**आधारभूत शेयरधनीको विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | भुवन सिं गुरुङ्ग, पोखरा ४, गैह्रापाटन, कास्की | अध्यक्ष | ६४ | नेपाली | २६७११० | साक्षर | १. २०५३ साल देखि २०६५ सालसम्म सञ्चालक समितिको सञ्चालक पदमा रही २०६५ देखि हालसम्म सञ्चालक समितिको अध्यक्ष पदमा कार्यरत रहेको ।<br>२. अध्यक्ष, बौद्ध अर्घौ सदन, रामघाट, पोखरा ।<br>३. अध्यक्ष , मिति २०७२ देखि २०७४ सम्म ६ गोर्खा राइफल्स रेजिमेन्टल एशोशिएशन नेपाल।<br>४. अध्यक्ष, मिति २०६३ देखि २०६४ सम्म रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | ५. उपाध्यक्ष, मिति २०७१ देखि २०७३ सम्म पहार ट्रष्ट नेपाल ।<br>६. सदस्य, पतंजली योग कास्की जिल्ला समिति ।<br>७. वृटिश सेनामा कार्य गरी क्याप्टेन पदमा सेवा निवृत्त । |
| २. | सुन्दर गुरुङ्ग,<br>पोखरा ७, जागृतीमार्ग, कास्की | संचालक | ६५ | नेपाली | २३२२६९ | वि.ए. | १. ३३ वर्ष युनिसेफमा कार्य गरी प्रोग्राम स्पेसलिष्ट पदमा सेवा निवृत्त ।<br>२. रोटरी क्लव पोखरा मिड टाउनमा २००४/२००५ मा अध्यक्ष, २०१२/२०१३ मा असिस्टेन्ट गभर्नर ।<br>३. अध्यक्ष, गुरुङ प्राज्ञिक मञ्च नेपाल ।<br>४. अध्यक्ष, सुशासनको लागि नागरिक समाज कास्की । |
| ३. | क्या.यम बहादुर गुरुङ्ग,<br>पोखरा ४, गणेश टोल, कास्की | संस्थापक | ७३ | नेपाली | २६७१०७ | साक्षर | १. वृटिश सेनामा कार्य गरी क्याप्टेन पदमा सेवा निवृत्त भएको ।<br>२. अध्यक्ष, २०५३ साल देखि २०६५ सालसम्म पोखरा फाइनान्स लिमिटेड सञ्चालक समिति । |
| ४. | मिता गुरुङ्ग,<br>पोखरा ४, गणेश टोल, कास्की | संस्थापक | ४५ | नेपाली | ११६११८ | आइ.कम | गृहिणी |
| ५. | प्रिता गुरुङ्ग,<br>पोखरा ४, गणेश टोल, कास्की | संस्थापक | ४९ | नेपाली | ११६११८ | एम.कम | पोखरा फाइनान्स लिमिटेडमा आर्थिक वर्ष २०५६/०७ मा प्रवन्ध निर्देशकको रुपमा कार्य गरेको |
| ६. | हेम बहादुर गुरुङ्ग,<br>वडा नं.३३, धुम्बाराही, काठमाण्डौं । | संस्थापक | ५२ | नेपाली | ६९६७७ | स्नातकोत्तर | अध्यक्ष एस.ओ.एस म्यानपावर सर्भिस प्रा.लि. काठमाण्डौं । |
| ७. | सुहृदराज धिमिरे,<br>वडा नं.३३, मैतिदेबी, काठमाण्डौं । | संस्थापक | ५९ | नेपाली | ५८०६४ | स्नातक | अध्यक्ष Continental Trading Enterprises Pvt. LTd, अध्यक्ष नेपाल आंखा कार्यक्रम(तिलगंगा आंखा प्रतिष्ठान) काठमाण्डौं । |
| ८. | सन्त कमारी गुरुङ्ग,<br>पोखरा,कास्की । | संस्थापक | ७८ | नेपाली | १४५९१३ | साक्षर | गृहिणी |
| ९. | धन बहादुर शेरचन,<br>पुल्चोक, ललितपुर | संस्थापक | ६२ | नेपाली | १२७७१८ | स्नातक | १. सस्थापक, ग्लोबल आइएमई बैंक लि. ।<br>२. संस्थापक, माउन्टेन इनर्जी हाइड्रोपावर कम्पनी लि., नक्साल, काठमाण्डौं ।<br>३. सदस्य, मेख ट्रेनिङ सेन्टर । |
| १०. | मन बहादुर गुरुङ्ग,<br>कास्की । | संस्थापक | ६१ | नेपाली | ११५६८२ | साक्षर | भूतपुर्व वृटिश गोर्खा सैनिक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | कालु गुरुङ्ग,<br>वडा नं.४, गणेशबस्ती,<br>काठमाण्डौं। | संस्थापक | ५५ | नेपाली | ५५७४२ | साक्षर | अध्यक्ष, रोडसो रियल इस्टेट प्रा.लि., काठमाडौं |
| १२. | हाथवे इन्भेष्टमेन्ट नेपाल लि.,<br>राष्ट्रिय नाचघर, जमल,<br>काठमाण्डौं। | संस्थापक | लागू नहुने | लागू नहुने | **३६९३८९** | लागू नहुने | लागू नहुने |
| १३. | डि.डि. इन्भेष्टमेण्ट प्रा.लि.,<br>ठमेल, काठमाण्डौं । | संस्थापक | लागू नहुने | लागू नहुने | **१२९५६१** | लागू नहुने | लागू नहुने |

**संचालकहरुको विवरण:**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (वर्ष) | राष्ट्रियता | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | भुवन सिं गुरुङ्ग,<br>पोखरा ४, गैह्रापाटन, कास्की<br>(संस्थापक समूह) | अध्यक्ष | ६४ | नेपाली | २६७११० | **साक्षर** | १. २०५३ साल देखि २०६५ सालसम्म सञ्चालक समितिको सञ्चालक पदमा रही २०६५ देखि हालसम्म सञ्चालक समितिको अध्यक्ष पदमा कार्यरत रहेको ।<br>२. अध्यक्ष, बौद्ध अर्घो सदन, रामघाट, पोखरा ।<br>३. अध्यक्ष , मिति २०७२ देखि २०७४ सम्म ६ गोर्खा राइफल्स रेजिमेन्टल एशोशिएशन नेपाल ।<br>४. अध्यक्ष, मिति २०६३ देखि २०६४ सम्म रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा ।<br>५. उपाध्यक्ष, मिति २०७१ देखि २०७३ सम्म पहार ट्रष्ट नेपाल ।<br>६. सदस्य, पतंजली योग कास्की जिल्ला समिति ।<br>७. वृटिश सेनामा कार्य गरी क्याप्टेन पदमा सेवा निवृत्त । |
| २. | सुन्दर गुरुङ्ग,<br>पोखरा ७, जागृतीमार्ग, कास्की<br>(संस्थापक समूह) | संचालक | ६५ | नेपाली | २३२२६९ | **स्नातक** | १. ३३ वर्ष युनिसेफमा कार्य गरी प्रोग्राम स्पेसलिष्ट पदमा सेवा निवृत्त ।<br>२. रोटरी क्लव पोखरा मिड टाउनमा २००४/२००५ मा अध्यक्ष, २०१२/२००१३ मा असिस्टेन्ट गभर्नर ।<br>३. अध्यक्ष, गुरुङ प्राज्ञिक मञ्च नेपाल ।<br>४. अध्यक्ष, सुशासनको लागि नागरिक समाज कास्की । |
| ३. | डा.दीर्घमान गुरुङ्ग,<br>जोगीमणी, दिप, पोखरा १६, कास्की | संचालक | ५३ | नेपाली | २९६९९ | **विद्यावारिधि** | १. प्राध्यापक, पृथ्वी नारायण क्याम्पस पोखरा । |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | (संस्थापक समूह) | | | | | | २. आजीवन सदस्य, गुरुङ प्राज्ञिक मञ्च नेपाल । |
| ४. | ले. अर्जुनकुमार गुरुङ्ग,<br>भिमकालिपाटन, पोखरा १, कास्की<br>(संस्थापक समूह) | संचालक | ६३ | नेपाली | ४८४९६ | **साक्षर** | १. वृटिश सेनामा कार्य गरि लेफ्टिनेन्ट पदमा सेवा निवृत्त भएको ।<br>२. सल्लाहकार, भीमकालिपाटन तमु समाज, पोखरा । |
| ५. | डा. दिपेन्द्र कुमार गौतम,<br>रामघाट, पोखरा १०, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६३ | नेपाली | ५०१५ | **विद्यावारिधि** | १. बोर्ड सल्लाहकार, Internaional Nepal Fellowship (INF) Nepal<br>२. ४० वर्ष Internaional Nepal Fellowship (INF मा कार्य गरी Executive Director पदमा निवृत्त |
| ६. | मे. प्रेम बहादुर थापा,<br>मालेपाटन, पोखरा ५, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६५ | नेपाली | १३६५७ | **प्रमाणपत्र तह** | १. वृटिश सेनामा कार्य गरी मेजर पदमा सेवा निवृत्त भएको ।<br>२. सदस्य, रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा ।<br>३. संरक्षक, गोर्खा मेमोरियल ट्रष्ट ।<br>४.उपाध्यक्ष, नेपाल मगर संघ कास्की । |
| ७. | माया गुरुङ्ग,<br>सिम्पानी, पोखरा १, कास्की<br>(सर्वसाधारण समूह) | संचालक | ६१ | नेपाली | ४०४१३ | **प्रमाणपत्र तह** | १. २९ वर्ष सरकारी विद्यालयमा अध्यापन गरी सेवा निवृत्त ।<br>२. सचिव, टोल सुधार समिति लामपाटन, पोखरा ।<br>३. सचिव, तमु समाज सिम्पानी, पोखरा ।<br>४. सचिव, सुखवति गुम्बा, पोखरा । |

**नोट :** हाल नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित ब्यवसायिक संचालक पद १ (एक) रिक्त रहेको छ ।

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :**

| **सि.नं.** | **संस्थाको नाम, ठेगाना** | **संचालकहरुको विवरण** |
|---|---|---|
| १. | हाथवे इन्भेष्टमेन्ट नेपाल लि., राष्ट्रिय नाचघर, जमल, काठमाण्डौं । | संचालकहरु :<br>श्री हेमराज ढकाल, अमलाचौर - ४, बाग्लुङ्ग<br>श्री अम्बिका प्रसाद पौडेल, दरौ - ३, स्याङ्गजा<br>श्री नवराज नेपाल, कल्लेरी - ३, धादिङ्ग<br>श्री कमल प्रसाद अर्याल, थूमपोखरा - २, स्याङ्गजा |
| २. | डि.डि. इन्भेष्टमेण्ट प्रा.लि., ठमेल, काठमाण्डौं । | संचालक : धनन्जय शर्मा, बुढानिलकण्ठ नगरपालिका वडा नं. १०, धापासी, काठमाण्डौं । |
| ३. | उषा इन्भेष्टमेण्ट प्रा.लि., पानीपोखरी, काठमाण्डौं । | संचालक : सुभाषचन्द्र पौडेल, बुढानिलकण्ठ नगरपालिका वडा नं. १०, धापासी, काठमाण्डौं । |
| ४. | निमिषा इन्भेष्टमेण्ट प्रा.लि., पानीपोखरी, काठमाण्डौं । | संचालक : अञ्जली अर्याल, वडा नं. १४, कलंकी, काठमाण्डौं |

(ग) **संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आवद्ध भएको संस्थाको नाम, ठेगाना :**

| क्र.स. | संचालकको नाम, ठेगाना | आबद्ध रहेको संस्थाको नाम, ठेगाना |
|---|---|---|
| १. | भुवन सिंह गुरुङ्ग, पोखरा ४, गैह्रापाटन, कास्की | अध्यक्ष, बौद्ध अर्घौ सदन, रामघाट, पोखरा, पूर्वअध्यक्ष रोटरी क्लव अफ पोखरा फिस्टेल |
| २. | सुन्दर गुरुङ्ग, पोखरा ७, जागृतीमार्ग, कास्की | पूर्वअध्यक्ष रोटरी क्लव अफ पोखरा मिडटाउन |
| ३. | डा.दीर्घमान गुरुङ्ग, पोखरा १६,जोगीमणी, दिप | प्राध्यापक पृथ्वी नारायण क्याम्पस पोखरा |
| ४. | ले. अर्जुन कुमार गुरुङ्ग, भिमकालिपाटन, पोखरा १, कास्की | कार्य समिति सदस्य ६जि आर रेजिमेन्टल एशोसिएसन नेपाल |
| ५. | डा.दीपेन्द्र कुमार गौतम, रामघाट, पोखरा १०, कास्की | बोर्ड सल्लाहकार INF Nepal |
| ६. | मे. प्रेम बहादुर थापा, मालेपाटन, पोखरा ५, कास्की | सदस्य रोटरी क्लव अफ पोखरा फिस्टेल, पोखरा |
| ७. | माया गुरुङ्ग, सिम्पानी, पोखरा १, कास्की | सचिव, सुखवति गुम्बा, पोखरा |

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

(क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

(ख वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधि पछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृती लिनु पर्नेछ । यस ब्यबस्था बमोजिम वित्तीय संस्थाले कारोबार सञ्चालन गरेको पाँच बर्ष नपुगेता पनि वित्तीय संस्थाको सञ्चालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सिर्जना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति प्राप्त गरी संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिने छ ।

तर त्यसरी हक छोड्डा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समुहको शेयर हो, सोही समुहको शेयरधनीहरुलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरिद गर्न चाहेमा नीजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समुहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिनेछ ।

(ग) कुनै संस्थापकको मृत्यु भएमा वा अदालतको आदेशले नीजको शेयर हकवालामा नामसारी हुने भएमा उपदफा (ग) को बन्देज लागु हुने छैन ।

(घ) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहंदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन ।

**ग.५.ख.संस्थापक/संचालक सँगको कारोबार :**

क) **संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण** :नभएको ।

ख) **बुँदा (ख) (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :** नभएको ।

**ग.६.सीमित दायित्व सम्बन्धी विवरण :**

यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७४ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**ग.७.संगठित संस्थाको कर्मचारी सम्बन्धी विवरण :**

**ग.७.क.संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

क) **संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।**

| क्र.स. | कर्मचारीको नाम | तह | योग्यता | नियुक्त मिति | कार्य अनुभव | शेयर संख्या |
|---|---|---|---|---|---|---|
| १. | राज कुमार गुरुङ्ग | प्रमुख कार्यकारी अधिकृत | बि.एस.सी. | २०६७/०३/१० | स्ट्याण्डर्ण्ड चार्टर्ड बैंक लि.मा सहायक स्तर देखि शाखा प्रबन्धकको पदमा रहि करिव १७ बर्षको कार्य | – |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | गरेको अनुभव । | |
| २. | राजु मोहन भट्टराई | नायव प्रमुख कार्यकारी अधिकृत | बि.कम. | २०६९/१०/०१ | पोखरा फाइनान्स लि.स्थापनाकाल देखि ९ वर्षसम्म कर्जा प्रमुखको रुपमा कार्य गरी साविकको हिमचुली विकास बैंक लि. मा प्रबन्धक पदमा रहि करिव ३ बर्ष कार्य गरेको अनुभव | – |
| ३. | नारायण प्रसाद शर्मा | कम्पनी सचिव | बि.एल. | २०७०/०६/१४ | २०५० साल देखि निरन्तर रुपमा कानून व्यवसायीका रुपमा कार्यरत साथै विगत ३ बर्ष देखि पोखरा फाइनान्स लि.मा कम्पनी सचिवको रुपमा कार्यरत | – |
| ४. | रवि चन्द्र गुरुङ्ग | बरिष्ठ प्रबन्धक | एम.बि.एस. | २०७३/०६/०७ | स्ट्याण्डर्ड चार्टर्ड बैंक लि.मा Personal Financial Consultant रही करिव ३.५ बर्ष कार्य गरेको अनुभव तथा एनएमबि बैंक लि.मा शाखा प्रबन्धक रहि ६.५ बर्ष कार्य गरेको अनुभव । | – |
| ५. | बुद्धिलक्ष्मी गुरुङ्ग | लेखा प्रबन्धक | बि.बि.एस. | २०५७/१२/२३ | विगत १६ बर्ष देखि पोखरा फाइनान्स लि.मा सहायक स्तर देखि हाल प्रबन्धक स्तरमा रही कार्य गर्दै आइरहेको । | – |

**ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने :** सो नभएको ।

**ग) कर्मचारी संख्या : ७१ जना**
स्थायी : ५३ जना ।
करार : १२ जना ।
ज्यालादारी : ६ जना ।
अन्य : नभएको ।

**ग.७.ख.संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

संचालकले पाउने मासिक पारिश्रमिक, बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा देहाय बमोजिम हुनेछ :

१. दैनिक कार्य संचालनमा कार्यकारी प्रमुखको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउनेछ । सो लाई साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।
२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने बैठक भत्ता रु.५,५००/–(पाँच हजार पांच सय) र संचालकले पाउने बैठक भत्ता रु.५,०००/–(पांच हजार) हुनेछ ।
३. वित्तीय संस्थाको कामको सिलसिलामा संचालकलाई प्रदान गरिने दैनिक तथा भ्रमण भत्ता देहाय बमोजिम हुनेछ :
   (अ) दैनिक भ्रमण भत्ता : वित्तीय संस्थाको कामको सिलसिलामा वित्तीय संस्थाको संचालक वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय रहेको स्थान बाहिर जानुपर्ने स्थिति आएमा संचालकले देहाय बमोजिमको दैनिक भत्ता पाउने छ ।
   क) नेपाल भित्र रु.२,०००/–प्रति दिन,

**ख) संगठित संस्थाको उच्च ब्यबस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम र पद र एक आर्थिक बर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम :**

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक वर्षको अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम (आ.ब.०७२/०७३) |
|---|---|---|---|
| १. | राज कुमार गुरुङ्ग | प्रमुख कार्यकारी अधिकृत | रु.३४,७९,२९८/६३ |
| २. | राजु मोहन भट्टराई | नायव प्रमुख कार्यकारी अधिकृत | रु.१६,४२,७२०/५९ |
| ३. | रविचन्द्र गुरुङ्ग | बरिष्ठ प्रबन्धक | (२०७३/६/७ देखि २०७४/१/३१ सम्मको) रु.७,०८,८०२/७४ |

ग) **कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण :**
हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**ग.८.अन्तरनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :**

**संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखीमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।**

(क)**वित्तीय साधनको अभावबाट हुने जोखिमः**
१.निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
२.नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखीम :** लागू नहुने ।

(ग) **उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :**
१.नयाँ वित्तीय संस्था तथा वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२.देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखीम :** लागू नहुने ।

(ङ) **विदेशी विनिमयको जोखिमः** देशको बैदेशिक व्यापार नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु ।

(च) **कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु :** लागू नहुने ।

(छ) **क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :** अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीमः**
१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु।
२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाटसिर्जना हुने सम्भावित जोखिमहरु ।

(झ) **संचालन इतिहासको अभाव :** यस वित्तीय संस्थाको संचालन इतिहास करिव २१ बर्षको रहेकोछ ।

(ञ) **प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम** :नयाँ प्रविधिको विकास संगै वित्तीय संस्थाले प्रयोग गर्ने इन्टरनेटमा आधारित बैंकिङ्ग/वित्तीय लगायतका प्रविधिमा हुने खरावीले पर्न सक्ने संचालन तथा साखः सम्बन्धि जोखिम ।

(ट) **अन्य :**
१. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।
४. वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गरेकोलेत्यस्तो लगानीमा हुने मूल्य परिवर्तनको जोखिम।

<u>सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।</u>
वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य ब्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहेकोछ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको छ ।

<u>धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम :</u>
रु.१००/–प्रति शेयरमा प्रिमियम बापत रु.१२०/–थप गरी प्रति शेयर रु.२२०/–कायम गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

**ग.९.वित्तीय विवरण :**

**ग.९.क.वित्तीय विवरण र तत्सम्बन्धमा ब्यबस्थापनको धारणा र विश्लेषण :**

क) **संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँट, नगद प्रवाह विवरण :** आ.ब.०७२/०७३ को लेखापरिक्षण भई नेपाल राष्ट्र बैंक तथा बार्षिक साधारण सभाबाट स्वीकृत वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ ।

## वासलात

| शेयर पूँजी तथा दायित्वहरु | रकम (रु.हजारमा) |
|---|---|
| शेयर पूँजी | ५५७,४२० |
| जगेडा तथा कोषहरु | १२७,६१३ |
| ऋणपत्र तथा बण्ड | |
| तिर्न बाँकी कर्जा सापट | |
| निक्षेप दायित्व | ३,०४५,५२१ |
| भुक्तानी दिनु पर्ने बिलहरु | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ३,४९० |
| आयकर दायित्व | |
| अन्य दायित्व | ७०,९२८ |
| **कुल दायित्व** | **३,८०४,९७२** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| नगद मौज्दात | २७,०२८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ६५,६८५ |
| बैक/बित्तीय संस्थामा रहेको मौज्दात | २२१ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ८१४,७२५ |
| लगानी | १४०,८५१ |
| कर्जा सापट तथा बिल खरिद | २,५७०,७६५ |
| स्थिर सम्पत्ति | १४७,१८५ |
| गैर बैंकिंङ्ग सम्पत्ति | |
| अन्य सम्पत्ति | ३८,५१२ |
| **कुल सम्पत्ति** | **३,८०४,९७२** |

## नाफा नोक्सान हिसाव

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १ व्याज आम्दानी | ३२७,५४४ |
| २ व्याज खर्च | १८०,६१२ |
| **खुद ब्याज आम्दानी** | **१४६,९३२** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४०६ |
| ४. अन्य संचालन आम्दानी | १९,४४२ |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **१६६,७७९** |
| ६. कर्मचारी खर्च | २२,९८२ |
| ७. अन्य संचालन खर्च | २२,४६७ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१२१,३३१** |
| ९. सम्भावित नोक्सानी | ९७६ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१२०,३५५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १६,३८९ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | १,४१८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१३८,१६२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१३८,१६२** |
| १३.कर्मचारी बोनस व्यवस्था | १२,५६० |
| १४.आयकर ब्यबस्था | ३७,५८० |
| **खुद मुनाफा/(नोक्सान)** | **८८,०२१** |
| **शेयर संख्या (हजारमा)** | **४९११** |
| **प्रति शेयर आम्दानी (रु.)** | **१७.९०** |

### नाफा नोक्सान बाँडफाँड हिसाव

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **आम्दानी :** | |
| गत वर्षसम्मको संचित मुनाफा | १०७४ |
| यस वर्षको मुनाफा | ८८,०२१ |
| ऋणपत्र भुक्तानी कोषबाट फिर्ता | |
| सटही घटबढ कोष | |
| **जम्मा** | **८९,०९५** |
| **खर्च :** | १७,६०४ |
| साधारण जगेडा कोष | ३४८९ |
| प्रस्तावित लाभांश | ६६,३०१ |
| प्रस्तावित बोनस शेयर | |
| सटही घटबढ कोष | |
| स्थगन कर जगेडा कोष | ४६५ |
| लगानी समायोजन कोष | २२३ |
| **जम्मा** | **८८,०८३** |
| **संचित मुनाफा/ (नोक्सान)** | १०१२ |
| शेयर संख्या (हजारमा) | **४९११** |
| प्रति शेयर आम्दानी (रु.) | **१७/९०** |
| नगद लाभांश % | ०.७१ |
| बोनस शेयर % | १३.५० |

### नगद प्रवाह विवरण

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | ९०,००२ |
| **१. नगद प्राप्ति** | **३६६,०६४** |
| १.१ ब्याज आम्दानी | ३२९,८०५ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | ४०६ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | |
| १.४ अपलेखित कर्जाको असूली | |
| १.५ अन्य आम्दानी | ३५,८५४ |
| **२. नगद भुक्तानी** | **२७५,९६८** |
| २.१. ब्याज खर्च | १७५,२५१ |
| २.२ कर्मचारी खर्च | २१,६९१ |
| २.३ कार्यालय संचालन खर्च | १७,०३२ |
| २.४ आयकर भुक्तानी | ३९,५०२ |
| २.५ अन्य खर्च | २२,४९२ |
| **कार्यगत पूँजी गतिविधि अधिको नगद प्रवाह** | ९०,०९६ |
| **सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि)** | (३३२,०७९) |
| १. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | ७,६११ |
| २. अन्य अल्पकालिन लगानीमा कमी/(बृद्धि) | |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | (३४०,५१३) |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | ८,२४ |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **३३१,९९५** |
| १. निक्षेप दायित्वमा (कमी)/बृद्धि | ३२९,८४८ |
| २. अल्पकालिन सापटीमा (कमी)/बृद्धि | |
| ३. अन्य दायित्वमा (कमी)/बृद्धि | २,१४६ |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **(४६,५३८)** |
| १. दीर्घकालिन लगानीमा कमी/(बृद्धि) | (३२,६२१) |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | (१३,९५२) |

| | |
|---|---|
| ३. लाभाशं आम्दानी | ३५ |
| **ग) वित्तीय श्रोत कारोबारबाट नगद प्रवाह** | (९,८२६) |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | (९,८२६) |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पूनः कर्जामा बृद्धि/(कमी) | |
| ५. लाभाशं खर्च | |
| **घ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ३३,६४८ |
| **ङ) नगद तथा वित्तीय संस्थामा रहेको शुरुको मौज्दात** | ५९,२८६ |
| **च) नगद तथा वित्तीय संस्थामा रहेको अन्तिम मौज्दात** | ९२,९३४ |

**(ख) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरिक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

वित्तीय संस्थाको विगत ५ बर्षको लागि लेखापरिक्षण भएको वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ :

**वासलात**

**(रु.हजारमा)**

| शेयर पूँजी तथा दायित्वहरु | आ.ब. २०६८/०६९ | आ.ब. २०६९/०७० | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.ब. २०७२/०७३ |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ३१२,००० | ३१२,००० | ३३०,७२० | ४९१,११९ | ५५७,४२० |
| जगेडा तथा कोषहरु | ९०,८९५ | १०६,८८० | १२१,८८५ | १०९,३८३ | १२७,६१३ |
| ऋणपत्र तथा बण्ड | | | | | |
| तिर्न बाँकी कर्जा सापट | | | | | |
| निक्षेप दायित्व | १,७४४,७१९ | २,००१,१५५ | २,३१०,२८९ | २,७१५,६७२ | ३,०४५,५२१ |
| भुक्तानी दिनु पर्ने बिलहरु | | | | | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | | ३१,२०० | ८,४४२ | ३,४८९ |
| आयकर दायित्व | | | | | |
| अन्य दायित्व | ३६,९९९ | ९६,७६१ | १२६,१९३ | ७३,४४६ | ७०,९२८ |
| **कुल दायित्व** | **२,१८४,६१३** | **२,५१६,७९६** | **२,९२०,२८६** | **३,३९८,०६२** | **३,८०४,९७२** |
| **सम्पत्ति** | **आ.ब. २०६८/०६९** | **आ.ब. २०६९/०७०** | **आ.ब. २०७०/०७१** | **आ.ब. २०७१/०७२** | **आ.ब. २०७२/०७३** |
| नगद मौज्दात | १५,००९ | ७९७ | १०,१११ | १३,३५० | २७,०२८ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १५२,४४३ | ४९३७० | १३६,८४७ | ४५,७२० | ६५,६८५ |
| बैक /बित्तीय संस्थामा रहेको मौज्दात | १,२४५ | ३१६ | ११० | २१६ | २२१ |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ६३०,११५ | ६५१३८८ | ६२६,२६४ | ८२२,३३६ | ८१४,७२५ |
| लगानी | ५० | ४०१ | ४०१ | १०९,२०५ | १४०,८५१ |
| कर्जा सापट तथा बिल खरिद | १,२३०,४२९ | १,६१६,५४२ | १,९४७,३८७ | २,२२८,८३४ | २,५७०,७६५ |
| स्थिर सम्पत्ति | १३१,०७८ | १३०,४८८ | १४०,२०२ | १३८,४९७ | १४७,१८५ |
| गैर बैंकिङ्ग सम्पत्ति | | | | | |
| अन्य सम्पत्ति | २४,२४३ | ६०,३१४ | ५८,९६२ | ३९,९०३ | ३८,५१२ |
| **कुल सम्पत्ति** | **२,१८४,६१३** | **२५१६७९६** | **२९२०२८६** | **३३९८०६२** | **३,८०४,९७२** |

**नाफा नोक्सान हिसाव**

**(रु.हजारमा)**

| विवरण | आ.ब. २०६८/०६९ | आ.ब. २०६९/०७० | आ.ब. २०७०/०७१ | आ.ब. २०७१/०७२ | आ.ब. २०७२/०७३ |
|---|---|---|---|---|---|
| १. ब्याज आम्दानी | २३९,८८२ | २४२,७१० | २६८,२७१ | ३३८,५९४ | ३२७,५४४ |
| २. ब्याज खर्च | १६२,५४३ | १७६,३४६ | १७९,१३७ | १८२,०८३ | १८०,६१२ |
| **खुद ब्याज आम्दानी** | **७७,३३९** | **६६,३६४** | **८९,१३३** | **१५६,५१२** | **१४६,९३२** |
| ३. कमिशन तथा डिस्काउण्ट | ९९ | १५२ | २३६ | २६२ | ४०६ |
| ४. अन्य संचालन आम्दानी | ११,६९४ | १५,६७३ | १३,३४४ | १४,५४६ | १९,४४२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. सटही घटबढ आम्दानी | | | | | |
| **कुल संचालन आम्दानी** | **८९,१३२** | **८२,१८९** | **१०२,७१४** | **१७१,३२०** | **१६६,७७९** |
| ६. कर्मचारी खर्च | ९,१२६ | १०,६२६ | १३,१६७ | १७,००४ | २२,९८२ |
| ७. अन्य संचालन खर्च | ११,२२६ | १४,३१२ | १६,८१८ | १७,२७० | २२,४६७ |
| ८. सटही घटबढ नोक्सान | | | | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **६८,७८०** | **५७,२५१** | **७२,७२८** | **१३७,०४५** | **१२१,३३१** |
| ९. सम्भावित नोक्सानी | ८७,८४० | १२४,४८६ | | ९,७९२ | ९७६ |
| **संचालन मुनाफा/(नोक्सान)** | **(१९,०५९)** | **(६७,२३५)** | **७२,७२८** | **१२७,२५४** | **१२०,३५५** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १९ | ४६२ | ४६२ | ६,३१५ | १६,३८९ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | २,२३६ | ८४,८३४ | २२,९६८ | १,१४,६८६ | १,४१८ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **(१६,८०४/** | **१८,०६१** | **९६,१५८** | **२४८,२५५** | **१३८,१६२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | | | | -८३८ | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | | **१८,०६१** | **९६,१५८** | **२४७,४१७** | **१३८,१६२** |
| १३.कर्मचारी बोनस व्यवस्था | | १,६४२ | ८,७४२ | २२,४९२ | १२,५६० |
| १४.आयकर ब्यबस्था | | ४३४ | २२,४९२ | ६८,५८५ | ३७,,५८० |
| ● यस वर्षको कर व्यवस्था | | | | ३४,७१२ | ३८०४६ |
| ● विगत वर्षको कर व्यवस्था | | | | | |
| ● यस वर्षको स्थगत कर आम्दानी/(खर्च) | | | | (३३,८७४) | ४६५ |
| **खुद मुनाफा/(नोक्सान)** | **(१६,६८८)** | **१५,९८५** | **६४,९२४** | **१५६,३३९** | **८८,०२१** |
| **शेयर संख्या (हजारमा)** | | ३,१२० | **३,३०७** | ४,९११ | ४,९११ |
| **प्रति शेयर आम्दानी (रु.)** | | **५.१२** | **१९.६३** | **३१.८३** | **१७.९२** |

**(ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :**

आ.ब.०७३/०७४ चैत्र मसान्त सम्मको लेखापरिक्षण हुन बाँकी तर लेखापरिक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण देहाय बमोजिम रहेको छ :

**वासलात**

| **शेयर पूँजी तथा दायित्वहरु** | **रकम (रु.हजारमा)** |
|---|---|
| शेयर पूँजी | ५५७,४२० |
| जगेडा तथा कोषहरु | १९८,६९९ |
| ऋणपत्र तथा बण्ड | |
| तिर्न बाँकी कर्जा सापट | |
| निक्षेप दायित्व | ३,४२९,४४५ |
| भुक्तानी दिनु पर्ने बिलहरु | |
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | |
| आयकर दायित्व | |
| अन्य दायित्व | ३८५,५२४ |
| **कुल दायित्व** | **४,५७१,०८८** |
| **सम्पत्ति** | **रकम (रु.हजारमा)** |
| नगद मौज्दात | ३५,७३२ |
| नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | १४२,०५२ |
| बैक/बित्तीय संस्थामा रहेको मौज्दात | |
| माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | ४८७,३८८ |
| लगानी | २३९,२९५ |
| कर्जा सापट तथा बिल खरिद | ३,२७७,८०१ |
| स्थिर सम्पत्ति | १४८,९८७ |
| गैर बैंकिङ्ग सम्पत्ति | |
| अन्य सम्पत्ति | २३९,८३३ |
| **कुल सम्पत्ति** | **४,५७१,०८८** |

### नाफा नोक्सान हिसाव

| विवरण | रकम (रु. हजारमा) |
|---|---|
| १ व्याज आम्दानी | २८४,५७१ |
| २ व्याज खर्च | १४२,२४४ |
| **खुद ब्याज आम्दानी** | **१४२,३२७** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४,११७ |
| ४. अन्य संचालन आम्दानी | १८,०६६ |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **१६४,५१०** |
| ६. कर्मचारी खर्च | २३,५०५ |
| ७. अन्य संचालन खर्च | २१,००१ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी व्यबस्था अघिको संचालन मुनाफा** | **१२०,००५** |
| ९. सम्भावित नोक्सानी | ९,५७७ |
| **संचालन मुनाफा/(नोक्सान)** | **११०,४२७** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **११०,४२७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **११०,४२७** |
| १३.कर्मचारी बोनस व्यवस्था | १०,०३९ |
| १४.आयकर व्यबस्था | ३०,११६ |
| **खुद मुनाफा/(नोक्सान)** | **७०,२७२** |
| **शेयर संख्या (हजारमा)** | ५५७४.२० |
| **प्रति शेयर आम्दानी (रु.) वार्षिकिकरण** | १६.८४ |

**नोट : माथि उल्लेखित प्रति शेयर आम्दानी वार्षिकीकरण गरी गणना गरिएको हो ।**

(घ) **आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण :** सो नभएको ।

(ङ) **पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको घारणा :** सो नभएको ।

(च) **आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने :**लागू नहुने ।

(छ) **विगत ५ बर्षमा सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए**

(अ) सम्पत्तिको विवरण,

(आ) सम्पत्तिको पूनर्मूल्यांकन अघि र पछिको कितावी मूल्य

(ई) पूनर्मूल्यांकनको औचित्य,

– हाल सम्म सम्पत्तिको पुनर्मूल्यांकन गरिएको छैन ।

(ज) **आगामी तीन बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाको आधारहरु :**

वित्तीय संस्थाको आगामी ५ बर्षको लागि प्रक्षेपित वित्तीय विवरण देहाय बमोजिम रहेको छ ।

### वासलात

(रु.हजारमा)

| शेयर पूँजी तथा दायित्वहरु | आ.ब. २०७३/०७४ | आ.ब. २०७४/०७५ | आ.ब. २०७५/०७६ | आ.ब. २०७६/०७७ | आ.ब. २०७७/०७८ |
|---|---|---|---|---|---|
| शेयर पूँजी | ८६७,६०८ | ९५४,३६९ | १,०४९,८०६ | १,१५४,७८६ | १,२७०,२६५ |
| जगेडा तथा कोषहरु | १६९,१२९ | २१४,४९९ | २६४,५८८ | ३२५,०१७ | ४१५,१५२ |
| ऋणपत्र तथा बण्ड | | | | | |
| तिर्न बाँकी कर्जा सापट | | | | | |
| निक्षेप दायित्व | ३,६५४,६२५ | ४,२०२,८१९ | ४,८३३,२४१ | ५,५५८,२२८ | ६,३९१,९६२ |
| भुक्तानी दिनु पर्ने बिलहरु | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | ११,१४८ | ४,५६६ | ५,०२३ | ५,५२५ | ६,०७८ |
| आयकर दायित्व | | | | | |
| अन्य दायित्व | १००,४९७ | १८,३६६ | ३०,५८९ | ४४,५५५ | ४२,९८८ |
| **कुल दायित्व** | **४,८०३,००७** | **५,३९४,६१९** | **६,१८३,२४७** | **७,०८८,१११** | **८,१२६,४४४** |
| **सम्पत्ति** | **आ.ब. २०७३/०७४** | **आ.ब. २०७४/०७५** | **आ.ब. २०७५/०७६** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** |
| नगद मौज्दात तथा बैंक मौज्दात | १,२७०,७२३ | १,३३४,२५९ | १,५३४,३९८ | १,७६४,५५८ | २,०२९,२४२ |
| लगानी | १५४,९३६ | १७०,४२९ | १८७,४७२ | २०६,२२० | २२६,८४२ |
| कर्जा सापट तथा बिल खरिद | ३,१७३,०८४ | ३,६४९,०४७ | ४,१९६,४०४ | ४,८२५,८६५ | ५,५४९,७४५ |
| स्थिर सम्पत्ति | १६१,९०३ | १९४,२८४ | २१३,७१२ | २३५,०८४ | २५८,५९२ |
| गैर बैंकिङ्क सम्पत्ति | | | | | |
| अन्य सम्पत्ति | ४२,३६३ | ४६,५९९ | ५१,२५९ | ५६,३८५ | ६२,०२३ |
| **कुल सम्पत्ति** | **४,८०३,००७** | **५,३९४,६१९** | **६,१८३,२४७** | **७,०८८,१११** | **८,१२६,४४४** |

**नाफा नोक्सान हिसाव**

**(रु.हजारमा)**

| **विवरण** | **आ.ब. २०७३/०७४** | **आ.ब. २०७४/०७५** | **आ.ब. २०७५/०७६** | **आ.ब. २०७६/०७७** | **आ.ब. २०७७/०७८** |
|---|---|---|---|---|---|
| १. व्याज आम्दानी | ४८६,८०८ | ५१९,३८८ | ५११,०६७ | ५८७,३५३ | ६७५,०४३ |
| २. व्याज खर्च | २९२,३७० | २९४,१९७ | २४१,६६२ | २७७,९११ | ३१९,५९८ |
| **खुद ब्याज आम्दानी** | **१९४,४३८** | **२२५,१९१** | **२६९,४०५** | **३०९,४४१** | **३५५,४४५** |
| ३. कमिशन तथा डिस्काउण्ट | ४६७ | ५३७ | ६१७ | ७१० | ८१७ |
| ४. अन्य संचालन आम्दानी | २२,३५८ | २५,७१२ | २९,५६८ | ३४,००४ | ३९,१०४ |
| ५. सटही घटबढ आम्दानी | | | | | |
| **कुल संचालन आम्दानी** | **२१७,२६३** | **२५१,४३९** | **२९९,५९१** | **३४४,१५५** | **३९५,३६६** |
| ६. कर्मचारी खर्च | २७,५७८ | ३३,०९४ | ३९,७१२ | ४७,६५५ | ५७,१८६ |
| ७. अन्य संचालन खर्च | २५,८३७ | २९,७१३ | ३४,१७० | ३९,२९५ | ४५,१८९ |
| ८. सटही घटबढ नोक्सान | | | | | |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **१६३,८४८** | **१८८,६३३** | **२२५,७०९** | **२५७,२०५** | **२९२,९९१** |
| ९. सम्भावित नोक्सानी | ५,८५६ | | १०,९४७ | १२,५८९ | -१३२,७१ |
| **संचालन मुनाफा/(नोक्सान)** | **१५७,९९३** | **१८८,६३३** | **२१४,७६२** | **२४४,६१६** | **३०६,२६२** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | १८,०२८ | १९,८३१ | २१,८१४ | २३,९९६ | २६,३९५.४२ |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | ६,३४६ | | | |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **१७६,०२१** | **२१४,८११** | **२३६,५७७** | **२६८,६१२** | **३३२,६५७** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | | | | | |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **१७६,०२१** | **२१४,८११** | **२३६,५७७** | **२६८,६१२** | **३३२,६५७** |
| १३.कर्मचारी बोनस व्यवस्था | १६,००२ | १९,५२८ | २१,५०७ | २४,४१९ | ३०,२४२ |
| १४.आयकर ब्यबस्था | ४८,००६ | ५८,५८५ | ६४,५२१ | ७३,२५८ | ९०,७२५ |
| **खुद मुनाफा/(नोक्सान)** | **११२,०१३** | **१३६,६९८** | **१५०,५४९** | **१७०,९३५** | **२११,६९१** |
| **शेयर संख्या (हजारमा)** | **८६७६.६०** | **९५४३.६९** | **१०४९८.०६** | **११५४७.८६** | **१२७०२.६५** |
| **प्रति शेयर आम्दानी (रु.)** | **१२.९१** | **१४.३२** | **१४.३४** | **१४.८०** | **१६.६६** |

**ग.९.ख.वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क) सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी तीन बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS) तथा प्रति शेयर नेटवर्थ :**

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| प्रति शेयर नेटवर्थ (रु.) | १३६.८५ | १२२.२७ | १२२.८९ | ११९.४९ | १२२.४८ | १२५.२० |
| प्रति शेयर आम्दानी (रु.) | १९.६३ | ३१.८३ | १७.९२ | १२.९१ | १४.३२ | १४.३४ |

(ख) विगत ३ बर्षको नेटवर्थमा भएको औसत प्रतिफल :

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.व. ०७०/०७१ | आ.व. ०७१/०७२ | आ.व. ०७२/०७३ | आ.व. ०७३/०७४ | आ.व. ०७४/०७५ | आ.व. ०७५/०७६ |
| चुक्ता पुंजी | ३३०,७२० | ४९१,११९ | ५५७,४२० | ८६७,६०८ | ९५४,३६९ | १,०४९,८०६ |
| जगेडा तथा कोषहरु | १२१,८८५ | १०९,३८३ | १२७,६१३ | १५२,१०७ | १७६,६९६ | १९६,०२८ |
| **कुल** | **४५२,६०५** | **६००,५०२** | **६८५,०३३** | **१,०१९,७१५** | **१,१३१,०६५** | **१,२४५,८३४** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च | – | – | – | – | – | – |
| **कुल नेटवर्थ** | **४५२,६०५** | **६००,५०२** | **६८५,०३३** | **१,०१९,७१५** | **१,१३१,०६५** | **१,२४५,८३४** |
| शेयर संख्या (हजारमा) | ३३०७.२० | ४९११.१९ | ५५७४.२० | ८६७६.०८ | ९५४३.६९ | १,०४९८.०६ |
| प्रति शेयर नेटवर्थ (रु.) | **१३६.८५** | **१२२.२७** | **१२२.८९** | **११७.५३** | **११८.५१** | **११८.६७** |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल | **०.१४** | **०.२१** | **०.१५** | **०.०९** | **०.१०** | **०.१०** |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी(EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा । | | | | **१७.००%** | | |

**वित्तीय प्रक्षेपणका आधार तथा तरिकाहरु :**

| विवरण | आ.व.०७३/०७४ | आ.व.०७४/०७५ | आ.व.०७५/०७६ |
|---|---|---|---|
| निक्षेप बृद्धिदर | २०% | १५% | १५% |
| कर्जा तथा सापट बृद्धिदर | २०% | १५% | २५% |
| कर्जा निक्षेप अनुपात | ६७.८८% | ६८.४१% | ६९% |
| संचालन बृद्धिदर | ९% | १८.८४% | ६.७०% |
| आयकर दर प्रतिशत | ३०% | ३०% | ३०% |
| निक्षेपको लागत दर | ६% | ६% | ६% |
| औषत व्याज आम्दानी दर | १२% | १२% | १२% |
| निश्क्रिय कर्जा प्रतिशत | १% | ०.९०% | ०.५०% |
| अनिवार्य नगद मौज्दात (CRR) | ६% | ६% | ६% |
| बैधानीक तरलता अनुपात (SLR) | १३% | १२% | १२% |
| पूँजीकोष अनुपात (CAR) | २०.९५% | २०.००% | २०% |

माथि उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट सन्तोष लम्साल, एसएल एण्ड एसोसिएट्स्, पुतलीसडक, काठमाण्डौंले प्रमाणित गरेकोछ ।

**ग.१०. धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**ग.१०.क. धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) यस वित्तीय संस्थाको मिति २०७३/७/९ गते सम्पन्न बीसौं बार्षिक साधारण सभा तथा संचालक समितिको मिति २०७३/४/३१ गते बसेको बैठकको निर्णय अनुसार वित्तीय संस्थाको सर्वसाधारण समूहको प्रति शेयर रु.१००/–अंकित मूल्यको ९,८३,६८२ कित्ता साधारण शेयरहरु अंकित मूल्यमा प्रिमियम बापत रु.१२०/– थप गरी जम्मा रु.२२०/–का दरले नयां निष्काशन (फर्दर पब्लिक इस्यु) मार्फत बिक्री वितरण गरी वित्तीय संस्थाको शेयर पूँजी संरचना मिलान गर्ने ।

आ) नेपाल राष्ट्र बैंकले तोके बमोजिम चुक्ता पूँजी पुरयाउन र सर्वसाधारण समूहको शेयर स्वामित्व ४९% कायम गर्न ।

इ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

ई) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको ब्यवस्था गर्न ।

**ग.१०.ख. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :**

**(क) निष्काशनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :**

थप सार्वजनिक निष्काशन (फर्दर पबिलक इस्यू) गरी प्राप्त हुने पूँजी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा रही वित्तीय संस्थाको ब्यबसायिक प्रयोजनमा उपयोग गरिनेछ । थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत शेयर निष्काशन गरी प्राप्त हुने पूँजीको उपयोग सम्बन्धमा देहाय अनुसार उल्लेख गरिएको छ ।

| क्र.सं. | विवरण | रकम (रु.) |
|---|---|---|
| १. | नेपाल राष्ट्र बैंकबाट स्वीकृत क्षेत्रमा कर्जा लगानी | करीब रु.४,५०,००,०००/– |
| २. | विपन्न वर्गमा कर्जा लगानी | करीब रु.२,००,००,०००/– |
| ३. | तरलता ब्यबस्थापन अन्तर्गत वित्तीय संस्थाहरुमा मौज्दात | करीब रु.१०,६४,१०,०४०/– |
| ४. | सरकारी ऋणपत्रहरुमा लगानी | करीब रु. ४,५०,००,०००/– |
| | **जम्मा** | **करीब रु.२१,६४,१०,०४०/–** |

प्रिमियम बापत प्राप्त हुने रकम प्रिमियम खातामा रकमान्तर गरी कम्पनी ऐन, नेपाल राष्ट्र बैंक ऐन तथा अन्य प्रचलित कानूनको अधिनमा भित्र रहि भविष्यमा बोनस शेयर जारी गरिनेछ ।

**(ख) थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपानाइने बैकल्पिक ब्यबस्था :**

थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि अपानाइने बैकल्पिक ब्यबस्थाको लागि निष्काशन गरिने सम्पूर्ण शेयर एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौले शतप्रतिशत प्रत्याभूति गरेकोछ ।

प्रत्याभूति सम्बन्धी मुख्य मुख्य बुँदाहरु देहाय बमोजिम रहेकोछ :

**(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण** : लागू नहुने ।

**(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यावसायिक उत्पादन शुरु हुने अनुमानित मिति** : लागू नहुने ।

**(ङ) संगठित संस्थाले कुनै उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु** : लागू नहुने ।

**(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण** : सम्झौता नगरिएको ।

**(छ) उत्पादन सम्बन्धी आयोजना भए, सो को प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण** : लागू नहुने ।

**(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत** : लागू नहुने ।

**(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत** : लागू नहुने ।

**(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नु पर्ने।**

(अ) निष्काशन तथा बिक्री प्रबन्धक – रु.३,५०,०००/–

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) – निष्काशन गरिने डिवेन्चर नभई साधारण शेयर भएको ।

(ई) प्रत्याभूतिकर्ता– रु.१०,८२,०५०/–

(इ) विज्ञहरु–वित्तीय प्रक्षेपण पुनरावलोकन गरी प्रमाणित गर्ने विज्ञलाई – नभएको

(उ) लेखापरीक्षक– यस सार्वजनिक निष्काशनको लागि लेखापरिक्षकलाई भुक्तानी नगरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन वित्तीय संस्था आदि)– संकलन केन्द्रलाई ०.०५% का दरले संकलित रकममा र ०.०५% का दरले फिर्ता भुक्तानी गरेको रकममा कमिशन दिने र बाँडफाँडमा परेको शेयर सम्बनिधत शेयरधनीको हितग्राही खातामा पठाउन प्रशोधन गरे बापत प्रति शेयरधनी रु.४/–का दरले भुक्तानी दिने ब्यबस्था गरिएको छ ।

**ग.१०.ग. सार्वजनिक निष्काशनबाट प्राप्त रकमलाई परियोजनामा प्रयोग गर्न पूर्व अन्य कुनै व्यवस्था गर्न लागिएको छ भने तत्सम्बन्धी विवरण** : हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**ग.१०.घ.प्रिमियममा धितोपत्र जारी गर्ने भएमा प्रिमियम मूल्य निर्धारण गर्दा अपनाईएको विधि र औचित्य :**

शेयरको अंकित मूल्य रु.१००/–मा रु.१२०/–प्रिमियम थप गरि प्रति शेयर रु.२२०/–मा निष्काशन गरिएको छ । यसका कारण र औचित्य निम्नानुसार छन् :

(१) कम्पनी ऐन, २०६३ को दफा २९ बमोजिम प्रिमियम मूल्यको शेयर जारी गर्न सक्ने गरी देहाय बमोजिमको अवस्था पूरा भएको।

(क) वित्तीय संस्था विगत तीन बर्ष देखि लगातार मुनाफामा संचालन भई लाभांश वितरण गरिरहेको ।

(ख) वित्तीय संस्थाको सम्पुर्ण दायित्य भन्दा खुद सम्पती **(Net Worth)** बढि रहेको ।

(ग) वित्तीय संस्थाको उनान्तिसौं बार्षिक साधारणसभाले सर्वसाधारणमा प्रिमियम मूल्यमा शेयर जारी गर्ने निर्णय गरेको ।

(२) वित्तीय संस्थाले आफ्नो भौतिक पूर्वाधार निर्माण गर्ने कामहरु पुरा गरिसकेकोले कुनै प्रकारको अनिश्चितता जोखिम नरहेको ।

(३) यो वित्तीय संस्था प्रचलित कम्पनी ऐन, २०६३ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम कामकारोबार गर्ने संस्था भएकोले सोही ऐन नियमहरुको अधिनमा रही आफ्नो बैंकिङ्ग कारोबारहरु सफलतापुर्वक संचालन गर्दै आइरहेको ।

(४) वित्तीय संस्थाले स्थापनाकाल देखि नै निरन्तर नाफा कमाउन सफल रहेको साथै बैंकिङ्ग क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्न सफल रहेको ।

(५) वित्तीय संस्थाका संस्थापकहरुमा विभिन्न प्रतिष्ठित संस्थाहरु एवं व्यक्तित्वहरु रहेको ।

(६) यस विवरणपत्र मार्फत थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) मार्फत सर्वसाधारणमा बिक्री गरिने साधारण शेयरको मूल्याङ्कन सम्बन्धी कार्य गर्नका लागि धितोपत्र व्यबसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडद्धारा विस्तृत अध्ययन पश्चात मूल्य निर्धारण गरिएको हो, उक्त कम्पनीले मूल्य निर्धारण गर्दा निम्न प्रक्रियाहरु अपनाईएको ।

(क) Capitalized Earning Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.१८९/६५ हुन आएको ।

(ख) Discounted Cash Flow Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.२८० /३१ हुन आएको ।

(ग) 180 Days Closing Markets Price Method द्वारा मूल्याङ्कन गर्दा शेयरको मूल्य रु.३०२/२२ हुन आएको।

(घ) Perpetual Growth Rate निर्धारण गर्दा नेपालको GDP को १० बर्षको औसत बृद्धिदर ४.४९% लाई आधार मानी गणना गरिएको ।

(ङ) Discount Rate निर्धारण गर्दा Capital Assets Pricing Model (CAPM) बिधिद्धारा गणना गरिएको र १४.२४% कायम हुन आएको, जसमा Risk Free Rate सरकारी विकास ऋणपत्र–२०७१ "घ" लाई आधार मानी ८.०८% गणना गरिएको र Beta गणना गर्दा ०.३६ हुन आएको ।

यी सबै तरीका तथा बजार मूल्य समेतलाई आधार मान्दा औसत मूल्याङ्कन दर रु.२५७/३९ हुन आएकोले प्रति शेयर रु.२२०/–मा थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यु) गर्न सकिने सिफारिस भै आएको ।

**ग.१०.ङ.धितोपत्र बाँडफाँट, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी ब्यबस्था :**

(क) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँटको प्रकृया :** यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागी दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँट गरिनेछ र शेयर बाँडफाँट सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(ख) **अत्याधिक माग भएको वा बाँडफाँट नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था :** शेयर विक्री बन्द भएको मितिले वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँट गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा जनाइएको शेयरको बाँडफाँडपत्र **(Allotment Letter)** र रकम फिर्ता भुक्तानी दिइनेछ ।

(ग) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार तोकिएको समयावधि भित्र बाँडफाँटपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकेमा धितोपत्र बिक्री बन्द भएको मितिदेखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्म सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याजसहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिनेछ ।

(घ) **धितोपत्रको बाँडफाँट तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :** "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार थप सार्वजनिक निष्काशन (फर्दर पब्लिक इस्यू) गरिएको शेयरको बाँडफाँट गरी शेयरधनीले दरखास्त फाराममा उल्लेख गरेको हितग्राही खातमा शेयर जम्मा गरिनेछ ।

(ङ) **धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण :** नयां निष्काशन गरिने शेयर सूचिकरण भैसकेको छैन ।

(च) **धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने ब्यबस्था सम्बन्धी विवरण:**थप सार्वजनिक निष्काशन गरिने साधारण शेयर "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँट गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी ब्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यवस्था मिलाइनेछ ।

**ग.१०.च. प्रत्याभूति सम्बन्धी विवरण :**

(क) **धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :** नेपाल धितोपत्र बोर्डबाट स्वीकृत प्राप्त धितोपत्र व्यवसायी श्री एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंले रु.१००/–अंकित मूल्यमा रु.१२०/–प्रिमियम थप गरी जम्मा रु.२२०/–दरको ९,८३,६८२ कित्ता साधारण शेयरको लागि रु.२१,६४,१०,०४०/–(अक्षरुपी एक्काईस करोड चौसाठी लाख दश हजार चालिस रुपैंया मात्र) को लागि प्रत्याभुती गरिएको छ ।

(ख) **धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिम कुल निष्काशनको शत्प्रतिशत अर्थात ९,८३,६८२ कित्ता साधारण शेयरहरु प्रत्याभूति गरिएको छ ।
२. कुल प्रत्याभुती शेयरहरुको लागि प्रत्याभुति शुल्क बापत एकमुष्ट रु.१०,८२,०५०/–भुक्तानी गरिएको छ ।
३. प्रत्याभूतिकर्ताको दायित्व प्रत्याभूति गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ताले प्रत्याभूतित कित्ता शेयरहरुसम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
५. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वत: खारेज हुनेछ ।
६. प्रत्याभूति सम्बन्धि अन्य व्यवस्था प्रचलित कानून तथा प्रत्याभूति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**ग.१०.छ. आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार,लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने नयां निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँट गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउने छन्।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को अधिनमा रही वित्तीय संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" मा भएको व्यबस्था अनुसार बाँडफाँट गरी तोकिएको अवधिभित्र नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवारप्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यबस्था मिलाइनेछ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तीय संस्थाको रजिष्टर्ड कार्यालय, पोखरा ९, न्यूरोड, कास्की र धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौंमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयर खरिदका लागि दरखास्त दिँदा दरखास्तवालाले दरखास्तसाथ आफूले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति शेयर रु.२२०/–का दरले हुन आउने एकमुष्ट रकम यस निष्काशनको लागि तोकिएको संकलन केन्द्रहरुमा जम्मा गरी सो को सक्कल भौचर वा वित्तीय संस्था ड्राफ्ट संलग्न गरी दरखास्त दिनु पर्नेछ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने शेयरको लागि दरखास्त दिँदा दरखास्तवालाले १० अंकको गुणाङ्कमा न्युनतम १० (दश) कित्ता र अधिकतममा ४,९०० (चार हजार नौ सय) कित्ता शेयर खरिद गर्नका लागि दरखास्त दिन सकिनेछ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र वित्तीय संस्था खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१. कुनै पनि नेपाली नागरिकले स्वीकृत विवरणपत्र मार्फत जारी गरिने नयाँ शेयर खरिद गर्न लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृती प्राप्त आस्वा सदस्यहरुको कुनै पनि कार्यालयबाट दरखास्त दिन सक्नेछन्।

२. दरखास्तवालाले शेयर खरिदका लागि दरखास्त दिँदा "धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा २४ मा उल्लेख भए बमोजिम देहायका विवरणहरु स्पष्ट रुपमा दरखास्त फाराममा खुलाई आस्वा सदस्यहरुले तोकेको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(क) आवेदन फाराममा आवेदकको नाम थर नेपाली/अंग्रेजीमा उल्लेख गर्नु पर्ने।

(ख) आवेदन दिंदा शेयर जारी गर्ने कम्पनीको नाम, आवेदन गरिएको संख्या, रकम स्पष्ट बुझिने गरि उल्लेख गर्नुपर्ने।

(ग) आफ्नो बैंक खाता र Demat खाता सहि/स्पष्ट उल्लेख गरिनुपर्ने।

(घ) आवेदकले आफु स्वयंको Demat खाता उल्लेख गर्नुपर्ने।

(ङ) आवेदन गरेको निस्सा/प्रमाण, बैंक/वित्तीय संस्थासंग अनिवार्य लिनुपर्ने।

(च) बैंक खाता रोक्का भएको यकिन गर्नुपर्ने।

छ) रु.१० लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु.१० लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा स्थायी लेखा नम्बर **(PAN No.)** दरखास्त फाराममा खुलाउनु पर्नेछ। साथै रु.१० लाख रुपैंया वा सो भन्दा बढी आवेदन गर्ने आवेदकले आफूले आवेदन गर्दा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप गरी आर्जन नगरेको भन्ने उद्घोषण गर्नु पर्दछ।

ज) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन। यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ।

झ) रितपूर्वक प्राप्त नभएको दरखास्त फारमलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन र सो को जिम्मेवार दरखास्तवाला स्वयं हुनेछ।

३. धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिई सकेपछि खरिद गरेको धितोपत्र बापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्री प्रवन्धकले त्यस्तो दरखास्त फारामलाई रद्द गरिने हुंदा सो कुराको जानकारी आवेदकले बुझ्नु हुन।

**ग.११ <u>सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :</u>**

**निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :**

(क) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति** : कारोबार नभएको।

(ख) **आधारभूत शेयरधनी :** कारोबार नभएको।

(ग) **खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य** : कारोबार नभएको।

(घ) **संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था :** सो नभएको ।

(ङ) **संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा २बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा :** कुनै कारोवार वा सम्झौता गरेको छैन ।

(च) **कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने :** ऋण कारोबार गरेको छैन ।

ग.१२ **<u>विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :</u>**

